मेचीनगर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

ईटाभट्टा,झापा
१ नं. प्रदेश नेपाल

प. सं. ०७६/०७७
चं. न. २९

मिति:- २०७६/०४/०५

श्री ३ नम्बर वडा कार्यालय,
मेचीनगर नगरपालिका, झापा ।

बिषय:- सरोकारवालालाई जानकारी गराउने सम्बन्धमा ।

प्रस्तुत बिषयमा भूमिसुधार तथा मालपोत कार्यालय, भद्रपुर, झापाको च.नं. २३४०७, मिति २०७६/०३/३१ गतेको संलग्न प्राप्त पत्रानुसार मेचीनगर ०३ (साबिक धुलाबारी वडा नं. ५ र ८) का जग्गाहरुको पुन: नाप नक्शाको कार्य भईसकेको हुँदा सो क्षेत्रको हालसाविक तथा श्रेस्ता अध्यावधिक मिति २०७६/०४/१५ गते देखि लागु हुने साथै नयाँ श्रेस्ताबाट मात्र कारोबार हुने भएको हुँदा सोहि बमोजिम सरोकारवालाहरुमा जानकारी गराईदिनुहुन निर्देशानुसार अनुरोध छ ।

०७६/०४/०५

बिक्रम लिम्बु
शाखा अधिकृत

बोधार्थ:-
श्री वडा कार्यालय (सबै), मेचीनगर नगरपालिका, झापा ।
श्री सूचना प्रबिधि शाखा, मेचीनगर नगरपालिका, झापा- सम्बन्धित सबैको जानकारीको लागि Website मा Upload गरिदिन हुन ।

फोन :- ०२३-५६२०७७, ५६२२१२, ५६२२३३, ५६२४३७, दमकल :- ५६२५०४, फ्याक्स :-५६२४३७,
**Web Site : www.mechinagarmun.gov.np, email :mechinagarmun@gmail.com**

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

## भूमि व्यवस्थापन तथा अभिलेख विभाग

# भूमिसुधार तथा मालपोत कार्यालय

भद्रपुर, झापा

मेचीनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दर्ता नं. ५६१७
दर्ता मिति

प.सं. ०७५/०७६/प्र.
च.नं. २३४०६

मितिः २०७६/०३/३१

विषयः हाल साविक लागु हुने सम्बन्धी सार्वजनिक सूचना ।

श्री सरोकारवाला सबै ।
............................

प्रस्तुत विषयमा नापी कार्यालयको च.नं. ४३६ मिति २०७६/०३/१० को पत्र बाट १ नं. नापी टोली मेचिनगर बाट साविक धुलावारी वडा नं. ५ र ८ (मेचिनगर-३) का जग्गाहरुको पुनः नाप नक्साको कार्य सम्पन्न भई जग्गा धनि दर्ता श्रेस्ता तथा अन्य भूमिलगतहरु यस कार्यालयमा प्राप्त भएको हुँदा जग्गा प्रशासन कार्यविधि २०६२ भाग-३ परिच्छेद-३ वमोजिम साविक धुलावारी वडा नं. ३ र ८ (मेचिनगर-३) मा हालसाविक तथा श्रेस्ता अध्यावधिक मिति २०७६/०४/१५ गते देखि लागुहुने तथा नयाँ श्रेस्ता बाट मात्र कारोबार हुने भएको हुँदा सरोकारवाला सबैलाई जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

श्री व-५

सम्बन्धित वडा कार्यालयमा पत्रको पत्रको व्यहोरा सरोकारवालालाई सुचित गराउन लेखी पठाउने ।

मालपोत अधिकृत

वोधार्थः भूमि व्यवस्थापन तथा अभिलेख विभाग, बबरमहल, काठमाण्डौ ।
श्री मेचिनगर नगरपालिकाको कार्यालय, झापा ।
श्री मेचिनगर नगरपालिका वडा नं. ९ को कार्यालय, झापा ।
श्री नेपाल लेखापढी कानुन व्यवसायी एसोसिएसन भद्रपुर झापा ।



२०७६/४/५